PRABHU BANK

# नयाँ शाखा सञ्चालन सम्बन्धी प्रेश विज्ञप्ती :

आज मिति २०७३/०३/३० गतेका दिन देखि काठमाण्डौको हात्तीगौडामा बैंकको नयाँ शाखा कार्यालय स्थापना गरी सञ्चालनमा ल्याईएको छ । नेपाल राष्ट्र बैंकका बरिष्ट डेपुटी गर्भनर श्री चिन्तामणी सिवाकोटीज्यूले एक समारोहका विच उक्त शाखा कार्यालयको समुद्घाटन गर्नुभएको हो । गत वर्ष सम्पन्न मर्जरको क्रममा एकै स्थानमा दोहोरिन गएका बैंकका शाखा कार्यालयहरु मध्ये कलंकी शाखा कार्यालयलाई हात्तीगौडामा स्थानान्तरण गरिएको हो ।

यसका साथै मर्जरको क्रममा दोहोरिन गएका अन्य शाखा कार्यालयहरु पनि क्रमश: स्थानान्तरण गर्दै जाने बैंकको योजना रहेको छ । शाखा कार्यालयहरु स्थानान्तरण भई नयाँ ठाउँमा बैंकका शाखा कार्यालयहरु सञ्चालन हुँदा बैंकको सेवा विस्तारित हुनुका साथै उक्त स्थानका ग्राहकहरुले सरल, सहजरुपमा सम्पूर्ण बैंकिङ्ग सुविधाहरु प्राप्त गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ ।

धन्यवाद !

मिति: २०७३/०३/३०